Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

❑ वर्ष ८ ❑ अंक ५ २०७६ भाद्र ८ गते आईतवार Sunday 25, Aug, 2019 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

# एशिया महादेशकै दोस्रो ठूलो राधाकृष्ण रथयात्रामा लाखौंको सहभागीता

विराटनगर । एशिया महादेशकै सवभन्दा ठूलो जगन्नाथपुरी पछिको दोस्रो ठूलो राधाकृष्णको रथयात्रा विराटनगरमा लाखौको जनसहभागीतामा सम्पन्न भएको छ ।



विराटनगर महानगर पालिका वडा नं. १, २ र ३ को संगम स्थल पानीटंकी पोखरीयावाट लम्वाई २२ फीट, चौडाई १४ फीट र उचाई १८ फीटको रथमा ७५ फीट दायां-वांया फैलिएको लठ्ठा (डोरी) लाई आम सर्व सधारण जनताले तानेर कारीव सात किलोमिटर वाटो तय गरेका छन् ।

राधाकृष्ण रथयात्राको शुभारम्भ प्रदेश नं. १ का प्रमुख, विराटनगर महानगर पालिका प्रमुख भिम पराजुलीसामान्य प्रशासन मन्त्री लालबाबु पण्डित र मन्त्रीहरुवाट भएको थियो । राधाकृष्णाको रथ अगाडी करीव ३ किलो मिटर सम्म विभिन्न जातजातिको झाकीहरु प्रदर्शन भएको थियो । रथ यात्राका क्रममा करीव १५ सय सुरक्षकर्मीहरु परिचालन गरेको थियो ।

रथयात्रालाई सफल पार्नका लागि १८ वठा उपसमितिहरु सक्रिय रहेको थियो । राधा कृष्णको रथ मन्दिरवाट प्रारम्भ भई मेनरोड हुदै महेन्द्र चौक, धरान रोड, वरगाछी हुदै पुन : मन्दिर प्रवेश गरेका थिए । राधाकृष्णको रथले वजार परिक्रमा गर्दा ४० स्थानमा विश्राम लिएको आयोजकले वताए ।

रथयात्रालाई सफल वनाउनको लागि विराटनगरका सरकारी तथा गैरसरकारी कार्यालयहरु, व्यपारीहरु, समाज सेवीहरु, प्रहरी प्रशासन लगायत नगरवासीले एक महिला पहिले देखि रथयात्रालाई सफल वनाउन लागि परेका हुन्छन् ।

राधाकृष्ण रथयात्रालाई सफल वनाउन सहयोग गर्ने प्रहरी प्रशासन, सरकारी कार्यालय, गैर सरकारी वांकी अन्तिम पेजमा...

# इप्रका रानीको भवन शिलान्यास

विराटनगर । ईलाका प्रहरी कार्यालय रानीको हाता भित्र निर्माण हुन लागेको प्रहरी कार्यालय भवन तथा आवास गृहको १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ठाकुर प्रसाद ज्ञवालीले श्रावन २७ गते बिधिवत रुपमा शिलान्याश गरेको छ ।

भवन पुरानो जिर्ण भई दैनिक काम कारवाहीमा कठिनाई भएको अवस्थामा प्रहरी प्रधान कार्यालयले यू एन ओ पी एसको सहयोगमा ५ कठ्ठा १० धुर क्षेत्रफलमा, ७ करोडको कुल लागतमा सुबिधा सम्पन्न कार्यालय भवन तथा आवास गृहको निर्माण हुन लागेको छ ।

कार्यक्रममा प्रदेश प्रहरी प्रमुख ज्ञवालीले भवन मात्र सबै चिज नभई भवनबाट प्रवाह हुने सेवा सबै भन्दा महत्वपूर्ण हुने र प्रहरीबाट प्रवाह हुने सेवाको गुणस्तरको महत्व बढी हुने हुँदा यसवाट प्रवाह हुने सेवाको स्तरमा पनि बृद्धी गर्न प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

अन्तिम पेजमा...

# पेनक्रियाज क्यान्सरको अपरेशन

बिराटनगर । नोबेल शिक्षण अस्पतालले पेनक्रियाज ग्रन्थीमा भएको क्यान्सरको अप्रेशन सफलतापूर्वक गरेको छ । झापाको बिर्तामोड नगरपालिका-३ आदर्शनगरकी ६० बर्षीया सरस्वता ढकालको पेनक्रियाज ग्रन्थी क्यान्सरको अप्रेशन सफलताप“र्वक गरिएको हो ।

आन्द्राको ठूलो भाग, पेनक्रियाज ग्रन्थी र पित्तको नली काटेर जोड्नुपर्ने हुँनाले यो अप्रेशन जटिल हुँने गरेको नोबेल अस्पतालका डा. रोहित प्रसाद यादवले बताए । डा.यादवका अनुसार पेनक्रियाज ग्रान्थी काट्ने क्रममा सागै रहेका धमनीमा चोट लाग्ने संभावना धेरै हुन्छ । चोट लागेमा बिरामीको ज्यान नै जान सक्छ । काटेर नयाँ तरिकाले जोड्नु पर्ने हुँनाले राम्रोसँग नजोडिने र नजोडिदा बिरामीको ज्यान बचाउँन गाह्रो पर्ने डा.यादब बताउँछन् । तर, नोबेलमा डा. यादव नेतृत्वको चिकित्सकहरुको टोलीले बृद्धा ढकालको जटिल अप्रेशन सफलतापूर्वक गरेको हो ।

अप्रेशन सफल भएपछि अहिले बिरामीको स्वास्थ्यमा सुधार आएको छ । ‘बिरामको पीडाका कारण अव बाच्दिन जस्तो लागेको थियो । अप्रेशन गरेपछि अहिले ठिक छ’ । अव केहि बर्ष बाच्छ’ जस्तो लागेको छ बिरामी ढकालले भनिन् । जटिल अप्रेशन वांकी अन्तिम पेजमा...

# दशलाख आँखा विरामीलाई सेवा प्रवाह

विराटनगर । विराटनगर आँखा अस्पताल रानीले आँखा, कान तथा पुनस्थापना वर्तमान स्थिति र भविष्यको लागि रणनिति विषयक एक दिने कार्यशाला गोष्ठीमा दशलाख आंखा विरामीलाई सेवा प्रवाह गराएको तथ्यांक प्रस्तुत गर्दै भदौ ५ गते विहीवार गोष्ठी सम्पन्न गरेको छ ।

उक्त एक दिने कार्याशाला गोष्ठीको प्रमुख अतिथी प्रदेश नं. १ का समाजिक विकास मन्त्री जीवन घिमिरेले पानसमा दियो बालेर गोष्ठीको उद्घाटन गर्दै भने विराटनगर आँखा अस्पतालको सेवा सुविधा उच्च स्तर भएकै कारण स्वदेशको विरामी मात्र नभएर विदेशवाट समेत उपचार गराउन आएकोले प्रदेश नं. १ को राजधानी विराटनगरलाई स्वास्थ्यको हवको रुपमा विकास गर्न सकिने वताएको छ ।

उपचारको क्षेत्रमा नेत्रज्योती संघ र विराटनगर आँखा अस्पतालले पुऱ्याएको योगदान सम्पूर्ण नेपाली जनताका लागि गर्भको बिषय भएको अवका दिन आँखा, कानको सेवालाई प्रत्येक स्थानीय तह सम्म पुऱ्यानका लागि जनप्रतिनिधीहरुले अग्रसरता देखाउनु पर्ने वहांको भनाई थियो ।


त्यस्तै नेत्र ज्योती संघका कोषाध्यक्ष रविन्द्र लाल चौधरीले दृष्टिविहिनलाई दृष्टि प्रदान गर्नु नै सबैभन्दा ठुलो धर्म भएको वताउदै यस्ता सेवाहरुलाई स्थानीय तहका गाउं-गाउं सम्म पुऱ्याउनको लागि स्थानीय प्रतिनिधीहरु वातावरण वनाई आफ्नो आफ्नो पालिकाको आम नेपालि जनतालाई आँखा र कानको सेवा प्राप्त गर्ने वातावरण वनाई दिन आग्रह गरेका थिए ।

वांकी अन्तिम पेजमा...

# तीजको अवसरमा दश जना जेष्ठ महिला सम्मानित

विराटनगर । नेपालमा मनाईने ठूलो पर्वको श्रंखलामा हरिततालिका तीजको अवसरमा प्रगती विनायक टोलको महिला समूह विराटनगर-८ ले दश जना जेष्ठ महिलाहरुलाई सम्मान गरी तीज पर्व हर्सोउल्लास का साथ सम्पन्न गरेको छ ।

बदलिदो अवस्थामा महिलाहरुले तीजपर्वलाई भड्किलो, खर्चिलो र ठुला-ठुला पार्टी प्यालेसमा मनाई रहेको वेला प्रगती विनायक टोलका महिला समुहले कम खर्च गरी स्थानीय गणेश मन्दिरको प्रांगणमा रमाइलो गीत गाउँदै नाच-गान गर्दै रमाईलो तीज मनाएका छन् ।



सम्मानित गंगादेवी सुतिहार

सो अवसरमा महिला समूहले स्थानीय जेष्ठ महिलाहरुलाई दोसल्ला ओढाई, फूलमाला र अविरको टीका लगाई सम्मान गरेका थिए । सम्मानित जेष्ठ महिला नागरिकहरुमा राधीका कार्की, पवित्रा थापा, गंगा देवी सुतिहार, गीता देवी सिंह, गायत्री देवी निरौला, रुकमणी निरौला, हिरा देवी श्रेष्ठ, डम्बर कुमारी रायमाझी, लक्ष्मी देवी बस्नेत र देवी माया पोखरेल रहेका थिए ।

उक्त अवसरमा गणेश मन्दिर व्यवस्थापन समिति र सहमती वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेन्द्र थापा र प्रगती विनायक टोल बांकी अन्तिम पेजमा...



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## एशिया...

कार्यालय, नागरिक समाज, समाजसेवी, उद्योगी व्यापारी, पत्रकार, दर्शनका लागि आएका भक्तजनहरु उत्साह जनक सहभागिता रहेको थियो ।

राधाकृष्ण रथयात्राको क्रममा भीडभाडमा मौका छोपेर उछिरिखल व्यवहार देखाउने, मोवाईल, सुनको सिकरी चोर्ने ६ दर्जन यूवाहरुलाई जिल्ला प्रहरीकार्यालय मोरंगले नियन्त्रणमा लिएको छ ती युवाहरु संग तीन थान सुनको सिकरी र एकदर्जन मोवाईल बरामद गरीएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## दशलाख...

त्यसैगरी डा. संजय कमार सिंहले तथ्याक प्रस्तुत गर्दै भने अहिले सम्म विराटनगर आंखा अस्पताल रानीले मोतीया विन्दु ९७ हजार २ सय ८२ वटा, जलविन्दु २ हजार ८ सय ३६ वटा, कोरनियो सेलेरल अपरेशन ५ हजार ७ सय ४६ वटा, भेटरो रेटिना अपरेशन ८ हजार १ सय ८२ वटा, अकुलोपलासटरी प्रोसेडियूर ४ हजार ८ सय १३ वटा, लेजर प्रोसेडियूर ७ हजार ५ सय ४६ वटा स्क्युनिट ८८ वटा, अन्य २ हजार १ सय ५२ र कानको अपरेशन १ हजार ३ सय ४९ गरी जम्मा दश लाख अपरेशनहरु सफलता पूर्वक गरी सकेको तथ्यांक प्रस्तुत गरको थिए ।

विराटनगर आंखा अस्पताल नाफारहित सेवा मुलक संस्था भएकोले न्यूनतम शुल्क १२ सयमात्र लिएर मोतिया विन्दूको अपरेशन गर्ने गरेको छ । नेत्रज्योति संघको सहकार्यमा विराटनगर आंखा अस्पताल, लहान आंखा अस्पताल लगायत अन्य २२ ठाउंमा आंखा उपचारको लागि अस्पताल संचालनमा रहेको छ ।

उक्त कार्यशाला गोष्ठीमा पालिकाहरुको प्रमुख तथा उपप्रमुखहरुको उपस्थिति रहेको थियो । आंखा र कानको उपचार सेवालाई पालिकासम्मका जनता सम्म पुऱ्याउनका लागि पहल गरी दिन आग्रह गर्दै कार्यक्रमका अधयक्ष अस्पताल प्रमुख श्याम कुमार पोखरेले गोष्ठीलार्य सम्पन्न गरेका थिए ।

## तीजको...

संगठनका अध्यक्ष माधव ढुंगेलको आतीथ्यमा भएको सो रमाईलो तीज कार्यक्रममा महिला दिदी, बहिनीहरुले तीजको गीतमा नाच-गान गर्दै एक अर्को बीच खुशीयाली साटा-साट रमाईलो गरेका थिए ।

रमाईलो तीजको लागि महिला समूहले आफ्नै सदस्यहरुवाट आर्थिक संकलन गरेका थिए भने सहमती बचत तथा ऋण सहकारी संस्थाले पनि आर्थिक सहयोग गरेका थिए । सो कार्यक्रम महिला समूहकी अध्यक्ष पर्वता ढुंगेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## इप्रका...

उहाँले तोकिएकै समयमा र तोकिएकै मापदण्ड अनुसार निर्माण सम्पन्न भई हस्तान्तरण हुनेमा आफु बिश्वस्त रहेको बताउदै सम्बन्धित निर्माणकर्तालाई सम्झौता बमोजिमकै समय र मापदण्डमा निर्माण सम्पन्न गर्न समेत अनुरोध गर्नु भयो ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक विश्व अधिकारीले धन्यवाद ज्ञापन गर्नुहुँदै मानव सभ्यताको विकाश हुन तथा समाजमा शान्ति सुरक्षाको अवस्था मजबुत बनाउन प्रहरीलाई पनि समयानुकुल प्रबिधीयुक्त र सुबिधा सम्पन्न बनाउनुको बिकल्प नरहेको बताउनु भयो ।

कार्यक्रममा सामुदायिक प्रहरी सेवा केन्द्रका पदाधीकारीहरु, स्थानीय जनप्रतिनिधीहरु, स्थानीय नागरीक, समाजसेवी, ब्यापारी, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

## पेनक्रियाज...

सफलतापूर्वक गरेर स्वास्थ्यमा सुधार आएपछि बिरामीका आफन्त पनि हर्षित छन् ।

स्वास्थ्यमा सुधार भएपछि बिरामी ढकाल अस्पतालबाट घर फर्किएकी छन् । अत्याधुनिक उपकरण र दक्ष चिकित्सकको व्यवस्थापनका कारण नोबेलमा जटिल तथा दुर्लभ अप्रेशन पनि सफलतापूर्वक गरिदै आएको छ ।

# बेवारिसे बृद्धलाई सडकबाट उठाएर नि:शुल्क उपचार

बिराटनगर । बिराटनगरको उखर्माउलो गर्मीमा तातो सडक माथिको बसाई, रोगको व्यथा र बृद्ध अवस्थाका कारण उठ्नै नसक्दाको पीडाले करिव ७२ बर्षीय बेवारिसे बृद्धको दैनिकी निकै कष्टपूर्ण थियो ।

कसैले दया गरेर दिए खाने, नभए तातो सडकमा भोक(भोकै तड्पिन बाध्य उनको साथमा न कोहि आफन्त छन्, न त सहयोगि नै थिए । बिराटनगरको व्यस्त सडकको रुपमा चिनिने कञ्चनबारीमा धेरै दिनदेखि अलपत्र अवस्थामा रहेका बेसहारा बृद्धको कष्टपूर्ण र कारुणिक दैनिकी सडकमा हिड्ने जोकोहिका लागि रमिता मात्र बन्यो । तर, त्यहि सडकमा हिड्दा देखिएको बृद्धको कारुणिक दृष्य डा.सुनिल शर्माले टुलुटुलु हेरेर बस्न सकेनन् ।

नोबेल शिक्षण अस्पताल सञ्चालकसमेत रहेका समाजसेवी डा.शर्माले बृद्धलाई सडकबाट उद्धार गरेका छन् । दयनीय अवस्था देखेर उद्धारका लागि छोरा ईशानलाई साथमा लिएर पुगेका उनले बेवारिसे बृद्धलाई उद्धार गरी उपचारका लागि नोबेल अस्पताल ल्याए । छाती तथा फोक्सो सम्बन्धि समस्याले ग्रसित बृद्धलाई डा.शर्माले नि:शुल्क औषधि उपचार मात्र हैन खाना, खाजासहित




नोवेशल मेडिकल कलेजका प्रवन्ध निर्देशक डा.शुनिल शर्मा र शर्माका छारा सडकवाट वेवारीसे वृद्धालायृ उपचारको लागि लादै । तस्वीर सौजन्य नोवेल मेडिकल कलेज

कुरुवाको व्यवस्था पनि मिलाईदिएका छन् । नोबेल अस्पतालका छाती तथा फोक्सो रोग बिशेषज्ञ डा.रामहरी घिमिरेको निगरानीमा उनको उपचार भईरहेको छ ।

उपचारका क्रममा बृद्धको स्वास्थ्य अवस्था सुध्रिदै गएको डा. घिमिरेले बताए । 'सुरुमा ल्याउूदा उहाूको अवस्था गंभिर थियो ।' अहिले लगभग निको भईसक्नु भएको छ ।' डा.घिमिरेले जानकारी गराए ।

सडकमा हुदा उभिनसमेत नसक्ने अवस्थामा पुगेका उनी अहिले आफै हिडडुल गर्न सक्ने भएको छन् । पहिले फोहोरका कारण दुर्गन्धित अवस्थामा रहेका उनलाई सरसफाई गरी नयाू लुगा लगाएर चिटिक्क पारिएको छ । प्रष्टसूग नबोल्ने हुनाले उनको पहिचान खुल्न सकेको छैन । उनी धेरै दिनदेखि सडकमा अलपत्र अवस्थामा बस्दै आएको स्थानीयबासी बताउूछन् । तर, कहाूबाट आए वा कसले ल्याएर छोडिदियो भन्ने खुल्न सकेको छैन । उपचार पश्चात निको भएकाले अव आफन्तको खोजी गरेर जिम्मा लगाउूने प्रयास भईरहेको अस्पतालका प्रबन्ध निर्देशक इन्दिरा शर्माको भनाई छ ।

समाजसेवाका क्षेत्रमा सक्रिय डा. शर्माले यसअघि पनि यस्ता धेरै असहायलाई उद्धार गरिसकेका छन् । डा.शर्मा सूगै उनका १७ बर्षे छोरा ईशान पनि बिरामी उद्धारमा सक्रिय हुन थालेका छन् । गरिब दुखीको सेवालाई आफ्नो प्रमुख कर्तव्य मान्दै आएका डा.शर्माले गरिब, बिपन्न तथा असहाय हजारौं बिरामीलाई नि:शुल्क उपचार गरेर उदाहरणीय कामलाई निरन्तरता दिएको छ ।



**धुम्रपान र मद्यपान आजै देखि त्यागौं र निरोगी रहौं।**




राधाकृष्ण रथयात्रा २०७६ मा नेपाल बातर सरदार समाज कल्याणकारी समितिले निकालेको झाकी

बेटा-बेटी दोनो के स्कूल पठाव
दहेज प्रथा के अन्त कर ।





## खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि दिव्य ज्योती अस्पताल प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउदछौं ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्वचालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# धार्मिक भिडभाडमा चोरको विगविगी

एशिया महादेशपछिको दोस्रो सवभन्दा ठूलो रथयात्रा भव्यताका साथ सम्पन्न भएको छ । लाखौको सहभागीतमा हुने विराटनगरको रथयात्रा विक्रम सम्वत १९८८ मा खटयात्राको रुपमा सुरु भएका रथयात्रा २०२५ सालमा ठूलो रथमा भगवान कृष्णलाई वजार परिक्रमा गर्ने शुरु गरेको यसवर्षको यात्रा ५२ औं संस्करण रहेको छ । धार्मिका आस्था राख्ने धर्मावलमीहरुको घोईचोमा चोरहरुका पनि त्यतिकै विगविगी देखिएको छ । रथ यात्राको क्रममा ६ दर्जन जति उछ्रिखल व्यवसहार गर्ने, मोवाईल, पर्स, सुनको सिक्रीलगायतका वस्तुहरु चोरी गर्ने यूवाहरुलाई प्रहरीले समाति आवश्यक कारवाही र अनुसन्धान गरिरहेको छ । धार्मिक कार्यको लागि आएको आमजनतालाई समेत चोरहरुले निशाना वनाएको अवस्था छ । धार्मिक कार्य अथावा भिडभाडमा जाँदा आफैपनि त्यस्तो वहुमुल्य समाजहरु लगाएर जानु हुँदैन भन्न कुरा बुझ्न् पर्दछ ।

यसपालिको रथयात्रामा सुरक्षालाई मध्य नजर गरी बजार भरी सिसी क्यामरा जडान गरिएको थियो भने आकाश माथिवाट ड्रोन क्यामरावाट समेत अवलोक गरी शान्ति सुरक्षा दिई रहेको थिए । त्यती हुँदा हुँदै पनि चोरहरुले आफ्नो हात सफाई गर्न मानेन । जसको कारण अहिले प्रहरीको फन्दामा परेको छ । धार्मिककाममा गरेको चोरीको प्रतिफल पनि भगवान राधाकृष्णले नै निश्चय गर्ने छ । यसपालिको राधाकृष्ण रथयात्रामा सहभागी हुनेको संख्या आयोजकले ५ लाख अनुमान गरेको भएतापनि ४ लाख जति भक्तालु, श्रदालु र दर्शक महानुभावहरुको उपस्थित रहेको आयोजकको निष्कर्ष छ ।

अवका दिनमा आम नागरिकले कुनै पनि भेला, समारोह, सभा, यात्रा र भिडभाड हुने ठाउंमा सहभागी हुन् जाँदा वहुमुल्य गरगहाना लगाएर जानुहुंदैन । हुन त रथयात्रा आयोजक समितिले पनि रथयात्रा हेर्न आउने दर्शकहरुले बहुमुल्य गरगहनाहरु लगाएर नहाउन आह्वान गरेका थिए । त्यस्तो आह्वानलाई नमानी वहुमुल्य गरगहना लगाएर आएपछि त्यसको सुरक्षा समेत आफै गर्नु पर्ने हुन्छ । त्यसो नगर्नाले त्यसवाट हुने क्षतिको जिम्मेवार समेत आफै हुनु पर्ने भएकोले अवका दिनमा भिडभाड भएको ठाउंमा बहुमुल्य वस्तुको गरगहना लगाएर जानु हुंदैन ।

# विश्व सम्पदा सूचीमा अटाउनु पर्छ जानकी मन्दिर



राजकुमार महतो

जनकपुरधाम र जानकी मन्दिर विश्व प्रशिद्ध धार्मिक पर्यटकीय गन्तव्य हुन् । प्राचीन शहरको वैभव जानकी मन्दिर हो । तर, जानकी मन्दिर विश्व सम्पदा सूचीमा अझै पर्न सकेको छैन । त्यसका लागि जनकपुरधाम उप(महानगरपालिका र पुरातत्व विभाग काठमाडौंले ठोस प्रशासनिक तथा प्राविधिक कार्यहरु गर्नुपर्ने देखिन्छ ।

१ अक्टोबर २०१४ बाट जानकी मन्दिरलाई विश्व सम्पदा स्थलका रुपमा सूचीकृत गराउने अभियान शुरु भएको हो । हालसम्म भएका प्रगतिको विवरण लगायत कागजात अभियानको तर्फबाट भोरले जनकपुरधाम उप-महानगर पालिकाका नगर प्रमुख लाल किशोर साहलाई हस्तान्तरण गरि सकेको छ ।

युनेस्को, स्थानीय सरकार, नेपाल सरकार, जानकी मन्दिर लगायत जिम्मेवार नियकायहरुलाई निरन्तर घच्घचाउने काम अभियानमार्फत भइरहेको छ । जनकपुरधाम उप-महानगरपालिकाले प्रथम नगर सभामार्फत जानकी मन्दिरलाई विश्व सम्पदा स्थलको रुपमा सुचीकृत गराउने कार्यको अपनत्व लिइसकेको छ । पहिलो बाषिर्क नीति तथा कार्यक्रममा यसलाई समेट्दै नगर प्रमुख लाल किशोर साहले युनेस्को तथा पुरातत्व विभागमा छलफल समेत गरेका छन् । तर, यत्तिले मात्रै पुग्दैन, नगरपालिकाले जानकी मन्दिर विश्व सम्पदा सूचीमा सूचीकृत नभएसम्म यसको नेतृत्व लिएर काम अघि बढाउनुपर्छ ।

शुरुमा हस्ताक्षर अभियान

अठारौं शताब्दीमा निर्मित कला, संस्कृति, आर्किटेक्चर, इतिहास, र अध्यात्मको अद्वितीय संगमका रुपमा जानकी मन्दिर छ । सन् २००८ मा नेपाल सरकारको पुरातत्व विभागले जानकी मन्दिरलाई युनेस्कोमा 'टेन्टेटिभ लिस्ट' मा दर्ता गराएको थियो । तर, त्यसपश्चात, सन् २०१४ सम्म जानकी मन्दिरलाई विश्व सम्पदामा लान सरकारले खासै पहल गरेन । जनकपुर क्षेत्रका राजनीतिक दल, सरकारी निकाय र जानकी मन्दिरका व्यवस्थापक मौन बसे ।

राष्ट्रिय गौरवका रुपमा रहेको जानकी मन्दिरलाई विश्व सम्पदास्थलका रुपमा सुचीकृत गराउन औपचारिकरुपमा १५ असोज ०७१ देखि भोर नामक संस्थाले हस्ताक्षर अभियान शुरु गरेको थियो । युनेस्कोको विश्व सम्पदा सुची केन्द्रको कार्य विधिले तय गरेका आधारहरु पूरा भइसक्दा पनि सूचीकृत नभएकाले दबावमूलक अभियान आवश्यक ठानियो ।

यसअभियानका लागि अनलाइन हस्ताक्षरको समेत व्यवस्था मिलाइएको थियो । ७७ वटै जिल्लाका नेपाली नागरिक तथा भारत, बांगलादेश, कतार, अमेरिका, बेलायत, दुबई, पाकिस्तान, श्रीलंका, कोरिया, फ्रान्सलगायत विभिन्न देशका नागरिकले हस्ताक्षर गरे । अभियानप्रति जनसमुदायको चासो र ऐक्यवद्धता तिव्ररुपमा वृद्धि हुादै गयो । फलस्वरुप, विभिन्न जिल्लाहरुमा स्वतःस्फूर्त रुपमा हस्ताक्षर अभियान सञ्चालन भए । ५५ हजारभन्दा बढी मानिसको हस्ताक्षर नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभागलाई ०७२ भदौ ४ मा हस्तान्तरण गरियो ।

जानकी मन्दिरलाई विश्व सम्पदास्थलका रुपमा सुचीकृत गराउन औपचारिकरुपमा १५ असोज ०७१ देखि भोर नामक संस्थाले हस्ताक्षर अभियान शुरु गरेको थियो । युनेस्कोको विश्व सम्पदा सुची केन्द्रको कार्य विधिले तय गरेका आधारहरु पूरा भइसक्दा पनि सूचीकृत नभएकाले दबाव मूलक अभियान आवश्यक ठानियो ।

अभियानको उपलब्धि र अगामी बाटो

त्यसबखत युनेस्कोको विश्व सम्पदा सुची केन्द्रको कार्यविधि अनुसार जानकी मन्दिरलाई विश्व सम्पदा स्थलका रुपमा सुचीकृत गराउन नोमिनेशन फाइल तयार पारी पेश गर्न नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभागले लिखित प्रतिवद्धता पत्र अभियानलाई प्रदान गरेको थियो ।

हस्ताक्षर र प्रतिवद्धताका बारेमा जनकपुरधाममा जानकारी गराउन र अगामी कदमहरुको दिशा तय गर्न २९ फाल्गुण ०७२ मा जानकी मन्दिरको प्राङ्गणमा भेला अयोजना भयो । भेलाले नेपाल सरकार, पुरातत्व विभागलाई जानकी मन्दिरलाई विश्व सम्पदा स्थलका रुपमा सुचीकृत गराउन आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया अगाडि बढाउने क्रममा सम्पूर्ण मापदण्ड मान्य हुने तथा जनकपुरबासीको सम्पूर्ण साथ र सहयोग रहने निर्णय सर्वसहमतीले पारित गऱ्यो ।

नोमिनेशन फाइल तयार पार्न र यूनेस्को विश्व सम्पदा केन्द्र, फ्रान्समा पेश गर्ने प्रक्रिया तत्काल शुरु गर्न जनकपुरबासी, सरोकारवालाहरुले गरेको प्रतिबद्धता र अनुरोध पत्र नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री आनन्द पोखरेल र पुरातत्व विभागका महानिर्देशक भेषनारायण दहाललाई ०७३ असार १ मा काठमाडौंमा हस्तान्तरण गरिएको थियो ।

त्यसपछि नेपाल सरकारका विभिन्न निकाय, राजनितीक दल, सामाजिक संस्थाहरु, सञ्चार क्षेत्र, र युनेस्कोसागका विभिन्न चरणका फलोअप तथा बैठकहरु पश्चात पुरातत्व विभागले जानकी मन्दिरलाई विश्व सम्पदास्थलका रुपमा सुचीकृत गराउनका लागि नोमिनेशन फाइल तयार पार्न र यूनेस्को विश्व सम्पदा केन्द्र, फ्रान्समा पेश गर्ने प्रक्रियाको तपसिल बमोजिमका ठोस प्रशासनिक तथा प्राविधिक कदमहरु आवश्यक रहेको सहमतीय निर्णयमा पुग्यो

१ पुरातत्व विभाग, स्थानीय सरकार तथा निकायहरु र अभियानसहितको कुशल र प्रभावकारी कार्य समन्वय समिती जनकपुरधाममा गठन गर्ने ।

२ जानकी मन्दिरलाई विश्व सम्पदास्थलका रुपमा सुचीकृत गराउन नोमिनेशन फाइल तयारीका लागि स्थानीय सरकार र सरोकारवालाहरुले सीमाना निर्धारण गर्ने ।

३ जानकी मन्दिरलगायत जनकपुर क्षेत्रलाई नेपाल सरकारद्वारा संरक्षित क्षेत्रका रुपमा घोषणा गराउने ।

४ जानकी मन्दिरलाई विश्व सम्पदास्थलका रुपमा सुचीकृत गराउन नोमिनेशन फाइल तयार पार्ने र जनकपुरधाम उपमहानगर पालिकाको सहकार्य र पुरातत्व विभावका नेतृत्वमा युनेस्को विश्व सम्पदा केन्द्र, फ्रान्समा पेश गर्ने ।

अभियानका क्रममा आएका बाधा अडचन

गत साल असारमा एनआरएनले जानकी मन्दिरभित्र विद्युतीकरण गर्ने भनेर सम्झौतामा हस्ताक्षर गरेका थिए । सम्पूर्ण जानकी मन्दिरमा विद्युतीकरण गर्ने योजनाले जानकी

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**भाग्यले राम्रो साथ दिनाले आँटेको काममा सफलता प्राप्त हुने देखिन्छ । सामाजिक काममा मान सम्मान समेत मिल्ने योग छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो)** :आफन्त जनहरुसंग सुखद भेटघाट हुने । योग रहेको छ । परिवारमा राम्रो वतावरणको माहोल आउनुका साथै सन्तान सुख मिल्ने छ ।

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** :बोलीको योग लाग्ने रहेकाले होस पुऱ्याएर बोल्नुहोला । सामान्य वादविवाद एवं शत्रु वाधा देखिए तापनि जित तपाईकै हुनेछ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : पारिवारिक सुख शान्ति प्राप्त हुनुका साथै भ्रमणको अवसर प्राप्त हुने प्रवल संम्भावना भएकोले विचार पुऱ्याई यात्रा गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : बालीको प्रभावले महत्वपूर्ण काममा समेत सफलता प्राप्तम हुने छ । स्वास्थ्यमा भने सामान्य अस्वस्थता आई पर्ने देखिन्छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** :बौद्धिक तथा धार्मिक कार्यक्रमहरुमा सहभागिता जनाउनु पर्ने छ । अध्ययन अध्यापनको क्षेत्रमा राम्रो अभिरुभि उत्पन्न हुने छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:काममा प्रशस्त समस्या आइपर तापनि धैर्यको वाँध नटुट्नाले सफलता तपापईको हातमा हुनेछ । स्त्रीवर्ग बाट सहयोग मिल्ने छ

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**:आर्थिक हानिनोक्सानी एवं खर्च बृद्धि हुने छ । शाररिक रुपमा सामान्य अस्वस्गथता एवं मानसिक चिन्ताको समेत योग रहेको छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: खानपिनका परिकार प्राप्त होलान् । इष्टमित्रहरुसँग भेटघाट हुनेर नयाँ कामको लागि पहल गर्ने समय छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**: परिवारको चिन्ताले सताउनुका साथै सानो तिनो वादविवाद समेत आई पर्ने छ । मनोरञ्न एवम विलासितामा अध्याधिक खर्च हुने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**: स्वास्थ्यमा सामान्य समस्या आई पर्न सक्छ । विचार पुऱ्याउनुहोला । खर्च बढ्ने तथा आन्दानीका स्रोतहरु मिल्नुका साथै सुख प्राप्तीको योग छ ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**::वादविवादमा विजय मिल्ने छ । भने शत्रुहरु परास्त हुनेछन । भ्रमण एवम साथीहरुवाट मन पर्ने उपहार समेत प्राप्त होला ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# हिपमत तरंग

# अभिमन्यू से हुवा था कृष्ण की प्रेयसी राधाका विवाह

१ अलौकिक प्रेम कहानी

राधा-कृष्ण की अलौकिक प्रेम कहानी से हर कोई परिचित है। उन दोनों का मिलना और फिर मिलकर बिछोड जाना, शायद यही उन दोनों की नियति थी। पौराणिक कथाओं में कृष्ण को रासलीला करते दर्शाया गया है, उन्हें एक प्रेमी और कुशल कूटनीतिज्ञ के रूप में प्रदर्शित किया गया है वहीं राधा को हर समय कृष्ण के प्रेम में डूबी हुई प्रेमिका के तौर पर वर्णित किया गया है।

२ राधा और कृष्ण

राधा और कृष्ण की प्रेम कहानी बचपन में ही शुरू हो गई थी। राधा उम्र में कृष्ण से बडी भी थीं लेकिन प्रेम उम्र के दायरे में बंधकर नहीं रह सकता। राधा और रुक्मिणी, कृष्ण के जीवन की दो बडी महत्वपूर्ण महिलाएं थीं, एक ने कृष्ण से प्रेम भी किया और विवाह भी, वहीं राधारानी सिर्फ प्रेमिका बनकर ही रह गई।

३ प्रेमी-प्रेमिका

ये बात तो हम अकसर सुनते आए हैं कि राधा और कृष्ण केवल प्रेमी/प्रेमिका थे, उन दोनों का वैवाहिक नहीं बल्कि आध्यात्मिक रिश्ता था। लेकिन क्या वाकई ये बात सच है कि कृष्ण का उनकी प्रेयसी राधा के साथ विवाह नहीं हुआ था?

४ आधात्मिक सत्य

आज हम आपको कृष्ण और राधा के जीवन से जुडे कुछ ऐसे आधात्मिक सत्य बताने जा रहे हैं जिन्हें बहुत से लोग नहीं जानते, ये सत्य वाकई आपको हैरान कर देंगे।

५ देवी लक्ष्मी

पुराणों के अनुसार राधा के रूप में देवी लक्ष्मी ने धरती पर अवतार लिया था। साथ ही ये बात भी जग जाहिर है कि भगवान कृष्ण स्वयं विष्णु जी के अवतार थे।

६ कृष्ण से विवाह

ये बात स्वयं देवी लक्ष्मी ने कही थी कि भगवान विष्णु के अलावा अन्य किसी के साथ उनका विवाह नहीं होगा, स्पष्ट है कि राधा ने अवश्य ही कृष्ण से विवाह किया होगा।

७ नंद बाबा

गर्ग संहिता के अनुसार राधा और कृष्ण का विवाह स्वयं ब्रह्मा जी ने करवाया था। नंद बाबा अपने पुत्र कृष्ण को गोद में उठाकर भंडीर ग्राम ले जाया करते थे। एक दिन कृष्ण उनकी गोद में खेल रहे थे कि अचानक तेज रोशनी और तूफान आ गया।

८ पारलौकिक शक्ति

असपास सिर्फ और सिर्फ अंधेरा छा गया और उस अंधेरे में नंद बाबा को किसी पारलौकिक शक्ति का अनुभव हुआ।

९ ललिता और विशाखा

वह शक्ति और कोई नहीं बल्कि स्वयं राधारानी थीं। राधा के आते ही भगवान कृष्ण ने भी अपने बाल रूप को त्यागकर किशोर रूप धारण कर लिया। इसी समय भंडीर जंगल में ब्रह्मा जी ने ललिता और विशाखा की उपस्थिति में राधा और कृष्ण का विवाह करवाया था।

१० बाल रूप

विवाह होते ही माहौल पहले की ही तरह सामान्य हो गया। राधा, ब्रह्मा, ललिता, विशाखा सभी अंतर्ध्यान हो गए और कृष्ण भी अपने बाल रूप में वापस लौट गए।

११ पौराणिक कहानी

एक अन्य पौराणिक कहानी के अनुसार रुक्मिणी और राधा दो नहीं बल्कि एक ही शख्सियत थीं। इसके लिए भी कई तथ्य प्रस्तुत किए गए हैं। कृष्ण और रुक्मिणी का विवाह तो हुआ था, लेकिन ये विवाह क्यों हुआ इस बारे में सोचना भी बहुत आवश्यक है।

१२ कृष्ण के साथ विवाह

कथाओं के अनुसार जिस तरह राधा बचपन से ही कृष्ण को अपना जीवनसाथी बनाना चाहती थीं, कुछ वैसे ही रुक्मिणी भी कृष्ण के साथ विवाह के सपने देखती थीं। परंतु रुक्मिणी के भाई, शिशुपाल के साथ विवाह संबंध तय कर चुके थे।

१३ रुक्मिणी

रुक्मिणी ने अपने भाई से कह भी दिया था कि अगर उनका विवाह कृष्ण के अलावा किसी अन्य व्यक्ति से करने की कोशिश की गई तो वह अपनी जान दे देंगी। कृष्ण ना तो रुक्मिणी से कभी मिले थे, ना ही उन्हें जानते थे, अचानक कैसे वे उनसे विवाह करने पहुंच गए?

१४ आध्यात्मिक अवतार

कृष्ण के इस कदम ने ही यह संदेह उत्पन्न किया कि रुक्मिणी और राधा एक ही थीं। यहां रुक्मिणी को राधा का ही आध्यात्मिक अवतार माना गया है। शायद यही वजह है कि जब राधा का नाम आता है तो वहां रुक्मिणी नहीं होतीं और जहां रुक्मिणी का नाम आता है वहां राधा नहीं होतीं।

१५ राधा का विवाह

परंतु राधा और कृष्ण के विवाह से अलग एक अन्य कहानी ये बताती है कि राधा का विवाह कृष्ण से नहीं बल्कि अभिमन्यु से हुआ था।

१६ योगमाया

एक पौराणिक कहानी के अनुसार जतिला नाम की एक गोपी जावत गांव में रहती थी। योगमाया के कहने पर जतिला के पुत्र अभिमन्यु का विवाह राधा के साथ संपन्न हुआ था।

१७ अभिमन्यु

लेकिन योगमाया के ही प्रभाव की वजह से अभिमन्यु कभी अपनी पत्नी राधा को छू तक नहीं पाया था। दरअसल अभिमन्यु अपने दैनिक कार्यों में अत्याधिक व्यस्त रहता था और शर्म के कारण कभी अपनी पत्नी से बात नहीं कर पाता था।

१८ परकीया

राधा और श्रीकृष्ण ने प्रेम नहीं किया था उनके बीच आध्यात्मिक रिश्ता था, उनका प्रेम अमर था। श्रीला प्रभुपाद ने राधा और कृष्ण के प्रेम संबंध को परकीया, यानि दुनियावी प्रेम से ऊपर सर्वोच्च प्रेम संबंध का नाम दिया था।

# जानें क्या है झारखाण्डीका बाबा बैजनाथ धामकी कथा

हिंदू धर्म में बारह ज्योतिर्लिंगों के दर्शन का बडा महत्व है. इन सभी से शिव की रोचक कथाएं जुडी हुई हैं. देवघर के वैद्यनाथ धाम में स्थापित 'कामना लिंग' भी रावण की भक्ति का प्रतीक है.

'कामना लिंग' वैद्यनाथ धाम

'कामना लिंग' वैद्यनाथ धाम

बारह ज्योतिर्लिंगों में से एक पवित्र वैद्यनाथ शिवलिंग झारखंड के देवघर में स्थित है. इस जगह को लोग बाबा बैजनाथ धाम के नाम से भी जानते हैं. कहते हैं भोलेनाथ यहां आने वाले की सभी मनोकामनाएं पूरी करते हैं. इसलिए इस शिवलिंग को 'कामना लिंग' भी कहते हैं.

१२ ज्योतिर्लिंगों के लिए कहा जाता है कि जहां-जहां महादेव साक्षात प्रकट हुए वहां ये स्थापित की गई. इसी तरह पुराणों में वैद्यनाथ ज्योतिर्लिंग की भी कथा है जो लंकापति रावण से जुडी है.

बाबा बैजनाथ धाम की कथा

भगवान शिव के भक्त रावण और बाबा बैजनाथ की कहानी बडी निराली है. पौराणिक कथा के अनुसार दशानन रावण भगवान शंकर को प्रसन्न करने के लिए हिमालय पर तप कर रहा था. वह एक-एक करके अपने सिर काटकर शिवलिंग पर चढा रहा था. ९ सिर चढाने के बाद जब रावण १० वां सिर काटने वाला था तो भोलेनाथ ने प्रसन्न होकर उसे दर्शन दिए और उससे वर मांगने को कहा.

तब रावण ने 'कामना लिंग' को ही लंका ले जाने का वरदान मांग लिया. रावण के पास सोने की लंका के अलावा तीनों लोकों में शासन करने की शक्ति तो थी ही साथ ही उसने कई देवता, यक्ष और गंधर्वो को कैद कर के भी लंका में रखा हुआ था. इस वजह से रावण ने ये इच्छा जताई कि भगवान शिव कैलाश को छोड लंका में रहें. महादेव ने उसकी इस मनोकामना को पूरा तो किया पर साथ ही एक शर्त भी रखी. उन्होंने कहा कि अगर तुमने शिवलिंग को रास्ते में कहीं भी रखा तो मैं फिर वहीं रह जाऊंगा और नहीं उठूंगा. रावण ने शर्त मान ली.

इधर भगवान शिव की कैलाश छोडने की बात सुनते ही सभी देवता चिंतित हो गए. इस समस्या के समाधान के लिए सभी भगवान विष्णु के पास गए. तब श्री हरि ने लीला रची. भगवान विष्णु ने वरुण देव को आचमन के जरिए रावण के पेट में घुसने को कहा. इसलिए जब रावण आचमन करके शिवलिंग को लेकर श्रीलंका की ओर चला तो देवघर के पास उसे लघुशंका लगी.

ऐसे में रावण एक ग्वाले को शिवलिंग देकर लघुशंका करने चला गया. कहते हैं उस बैजू नाम के ग्वाले के रूप में भगवान विष्णु थे. इस वहज से भी यह तीर्थ स्थान बैजनाथ धाम और रावणेश्वर धाम दोनों नामों से विख्यात है. पौराणिक ग्रंथों के मुताबिक रावण कई घंटो तक लघुशंका करता रहा जो आज भी एक तालाब के रूप में देवघर में है. इधर बैजू ने शिवलिंग धरती पर रखकर को स्थापित कर दिया.

जब रावण लौट कर आया तो लाख कोशिश के बाद भी शिवलिंग को उठा नहीं पाया. तब उसे भी भगवान की यह लीला समझ में आ गई और वह क्रोधित शिवलिंग पर अपना अंगूठा गढाकर चला गया. उसके बाद ब्रह्मा, विष्णु आदि देवताओं ने आकर उस शिवलिंग की पूजा की. शिवजी का दर्शन होते ही सभी देवी देवताओं ने शिवलिंग की उसी स्थान पर स्थापना कर दी और शिव-स्तुति करके वापस स्वर्ग को चले गए. तभी से महादेव' कामना लिंग' के रूप में देवघर में विराजते हैं.




## मगही भाषा

### मगही भाषा के गीत

१७

आज ललना जी के छठी त: छठी मनाना है ?

सासु जी अइहें, ननदी भी अइहें गोतनी भी है मुझे बैरिन-

तभी भी बुलाना है। आज ललना जी के छठी, त: छठी मनाना है।

सासु जी अइहें, नेग सुनइहें, उनको के रुपया भंजा के, अठन्नी नेग देना है।

गेतनी जे अइहें हलुआ घाटन को, उनका अठन्नी भंजा के बदलिया चुकाना है।

ननदी जे अइहें काजर पारन के, उनको चवन्नी भंजा के दुअन्नी नेग देना है।

१८

पलंग: बयठल हथ महादेव, मचिया गउरा देई हे ?

हमरा पुतरवा के साध, पुतर कइसे पायब हे।

करबई में छठ एतवार, सूरज गोड लागब हे।

मिलि जुलि पारथी बनायब, पुतर फल पायब हे।

कुरखेत मटिया मंगायब, गंगाजल सानब हे।

कांसे कटोरिया पारथी बनायब, फल-फूल लायब हे।

देबइन हम अछत-चनन अउरो बेल पत्तर हे।

देबइन हम अछत-चनन अउरो बेल पत्तर हे।

देइबन धथुरवा के फूल, भांग घोटि लायब हे।

करबइन मे बरत परदोस पुतर फल पायब हे।

एक पख पुजल दोसर पख, तेसरे चढि आयल हे।

पूरी गेल गउरा के मनकाम, पुतर फल मिलल हे।

१९

राजा बोया गरिया छोहरवा हे, बदमवाँ मोरा मन-भावे रे।

अंगना में लेमु बोया, दुअरे अनार बोया जी, राजा बोया है छुहरवा, बदमवाँ.....

अंगने मे लेमु फला, दुअरे अनार फला जी राजा फला है छुहरवा, बदमवाँ मोरा मन भावे रे।

अंगने का लेमु पका, दुअरे अनार पका, पका है छुहरवा बदमवाँ मोरा...

अंगने का लेमुआ तोडा, दुअरे अनार तोडा, राजा तोडा हे छुहरवा बदमवाँ मोरा...

गेलूँ में बृंदावन, हुए हैं नन्दला, होरिलवा मोरा मन भावे रे॥

भरत प्रसाद महतो

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा बिकास गरौं
- उपभोक्ता आचारसंहिताको पालना गरौं।

सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# तीजको अर्थ सामाजिक र सांस्कृतिक पक्ष

नेपालमा मनाइने ठूला पर्वको श्रृफ्लामा हरितालिका तीज आरम्भ मानिन्छ। यही चाडको आगमनबाट खर्चको जोहो र ऋणको जोरजाम सुरु हुने गरेको छ।

बदलिादो शैलीले तीजलाई पनि परिवर्तन गराइदिएको छ। परम्परागत शैलीको तीज आज अवस्थाअनुसार रंगीचंगी मात्र होइन, खर्चिलो पनि बनाइदिएको छ।

चाडपर्वको छुट्टै सांस्कृतिक महत्व छ। हिन्दू महिलाको यो परम्परामा आजकल सबै जाति, समुदाय राम्रै मिश्रण भएको पाइन्छ। विधिअनुरूप व्रत बसेर भनेजस्तै पुरुषको प्राप्ति, आफ्नो स्वास्थ्य र दीर्घायुसँगै प्रगतिको कामना हुने विश्वासका साथ तीज मनाउने चलन छ।

हिजोआज सहरी तथा अर्द्ध-सहरी क्षेत्रमा तीज भड्किलो बन्दै गएको छ भने पश्चिमा शैलीका गीतसंगीतले सहर ढपक्कै ढाकेको छ। यसले एकातिर उत्ताउलो गतिविधिलाई आत्मसात् गर्दै गएको छ भने अर्कातिर तीजको मौलिकतालाई मास्न खोजेको गुनासो पनि यत्रतत्र आएका छन्।

तीज सुरु हुने समय ठ्याक्कै नभए पनि भारत वर्ष विशेष गरी उत्तर भारत एवं नेपालमा पौराणिक समयदेखि नै यो परम्परा चलिआएको पाइन्छ। हाम्रो समाजमा यो पर्वको छुट्टै मौलिक परम्परा विकास भएकाले पनि तीज विशुद्ध नेपाली पर्व हो भन्न सकिन्छ।

किनभने यो पर्व नेपालका महिलाहरूले मात्र मनाउँछन्। नेपाली जनजीवनको सामाजिक-सांस्कृतिक पहिचान व्यक्त गर्ने यो पर्वले नेपाली महिलाको इतिहासलाई मजाले बोकेको छ, जसलाई विभिन्न स्वरूपमा यो पर्वमार्फत प्रकट गरिन्छ।

हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन तीज मनाउने गरिन्छ। तीजको अघिल्लो रात द्वितीयाको दिन दर खाने गरिन्छ। तीजको दिन व्रत बसिन्छ। चौथीका दिन स्नान गरी व्रतको पारण खाने गरिन्छ भने तीजको तेस्रो दिन अर्थात् ऋषिपञ्चमीको दिन व्रतालु महिलाहरूले ३ सय ६५ वटा दतिवनले दाँत माझेर माटो लेपन गरी स्नान गर्छन्।

अपमार्ग लेपनले छालामा हुने चिलाउने हटाउने विश्वास छ। पञ्चमीको दिन अरुन्धती सहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदिग्न तथा वशिष्ठ ऋषिको पूजाआजा गरी हलोले नजोतेको अन्नको भात र एक सुइर` भएर उम्रने कर्कलोको तरकारी खाइन्छ। त्यो दिन श्रीमान्ले पकाएको खाना खाए आपसी आत्मीयता एवम् सद्भाव बढ्ने विश्वास पनि गरिन्छ।

तीजमा महिलाहरूले प्रयोग गर्ने गहना र पहिरनको छुट्टै महत्व रहेको पाइन्छ। धार्मिक संस्कारयुक्त तीज सर्वमान्यतामा आधारित छ। सो दिन महिलाहरूले लगाउने रातो साडीले सुख, समृद्धि र साहसको प्रतीकका रूपमा मानिन्छ।

रातो रंगले मायासागै अलौकिक शक्ति प्रदान गर्ने विश्वास पनि गरिन्छ। पहिरिएको पोतेले शान्ति र आनन्दलाई इंगित गर्छ भने रातो टीकालाई सौभाग्यका रूपमा हेरिन्छ। स्वच्छ हृदय भएर व्रत बस्नाले मनोआकांक्षा पूरा हुने धार्मिक विश्वासमा तीज आधारित छ।

यो पर्वमा महिलाहरूले निर्जल, निराहार उपवास बस्नुपर्ने हुन्छ। पुरुपषभक्त हुन गरिने व्रत तीजमा महिलाले गरेको धार्मिक विधिले श्रीमान्को दीर्घायु, सुस्वास्थ्य र प्रगति हुने मान्यतामा आधारित छ।

यस्तै तीजको सामाजिक पक्ष अर्को महत्वपूर्ण पाटो हो। कृषिप्रधान मुलुक, बालीनाली थन्क्याइसकेपछि दु:खसुखका कुरा साटासाट गर्ने वातावरण तीजले प्रदान गरेको छ। अन्य बेला फुर्सद नहुने हाम्रो समाजमा चाडबाडका बेला नै केही फुर्सद निकालेर रमाइलो गर्ने प्रचलन छ।

सबै इष्टमित्र भेटघाट गर्ने, प्रगतिसागै अभावका कुरा बाांडचुड गर्ने, सम्बन्ध अझ प्रगाढ बनाउने यस्ता पर्वले आपसी सम्बन्धलाई मजबुद बनाएको देखिन्छ। विवाह भएर टाढा पुगेका दिदीबहिनीहरूलाई नजिक बनाउँदै मन हलुका पार्न सुखदु:खका कुराकानी गर्ने अवसरका रूपमा पनि तीज लोकप्रिय बनेको छ।

सामाजिक रूपमा तीजले फाइदा मात्र पुगेको देखिए पनि खाने संस्कारमा आएको परिवर्तनले आर्थिक भारमा पनि बाध्यता सिर्जना गरिदिएको छ। दर खाने र पठाउने क्रममा माइतीबाट छोरीको घरमा सम्धिनीलाई मात्र उपहार नभएर सो घरका सम्पूर्ण महिला सदस्यलाई समेत गरगहना, पहिरन, जुत्ता, शृंगारका सामान आदि र ११ किसिमका परिकार पठाउनुपर्ने चलनले देखावटीपन बढाएको छ।

समाजमा यस्तो गलत प्रथा हाबी हुादै जाादा चाडबाडहरू भड्किलो बनेका छन्। अझ यस्तो चलन झाांगिादै जाँदा धेरै बुहारी भएको घरमा प्रतिस्पर्धाको गलत चलन बढ्न गएको छ। यही सर सामानका कारण होच्याउने, गर्व गर्ने गलत प्रवृत्ति बढेको छ।

पछिल्लो समय पुरातन नाम जोडेर गरिएका भड्कला कार्यक्रमहरूले भने सांस्कृतिक पक्षलाई ओझेलमा पार्दै लगेको छ। संस्कार र संस्कृतियुक्त चाडपर्वहरूलाई उत्ताउलो र खर्चमुखी बनाउँदै लगिएको छ। आधुनिकीकरणको नाममा पर संस्कृति आगालेर भड्किलो व्यापार गरिादैछ।

शिक्षित र सभ्य समाजमा हुर्किएका आधुनिक महिलाहरूले अन्धविश्वास चिर्ने नाममा परम्परलाई गलत तरिकाले बेप्रयोगमा चाडबाडलाई केन्द्र बनाउादै लगिएको छ, जुन तीजको नाममा नकारात्मक पक्ष हो। यस्ता गलत शैली हाबी हुादा आर्थिक भार मात्र पर्ने होइन, मौलिक संस्कृतिमा पनि कडा प्रहार हुन पुगेको छ।

तसर्थ, चाडबाडहरूलाई सभ्य तरिकाले मनाउँदै सदियौंदेखिको परम्परा र मान्यतालाई जीवन्तता दिनु हाम्रो देशको सांस्कृतिक पहिचानभित्र पारिनुपर्छ। होटलमा पार्टी गरेर होहल्ला गरी ऋणको तीज नभएर संस्कारमुखी चाडबाड मनाउनाले हाम्रा पर्वहरूको गरिमा कायम रहन्छ।

महागा गहना, खानपिन, हल्ला, देखासिकी आदिको नाममा नभई मौलिक संस्कृतिको संरक्षण र संवर्द्धनमा चाडपर्व मनाउनुपर्ने आजको आवश्यकता हो।

चाडबाड देखिएको सबैभन्दा ठूलो विकृति हो, मदिराको सेवन। यसका कैयन् असरहरू समाजमा पर्छन्।

यो पक्षले गर्दा घरमा झगडा र दीर्घरोगी बनाएका घटनाहरू पनि धेरै पाइन्छन्। यस्तो नकारात्मक शैली समाजमा बढ्दै जाादा संस्कारमा रहेर व्रत बस्नेलाई अत्यन्त पीडा थपिदिएको छ। तर, व्रतको समयमा नखाई बस्नुपर्छ भन्ने मान्यताका कारण शरीरको ख्याल गर्नु अत्यन्त जरुरी पक्ष हो।




# स्वास्थ्य

## गर्मी महिनामा छालामा हुने समस्याको समाधानका लागि सात टिप्स

डा. पद्मा तुलाधर

गर्मी सुरु भएसँगै छालामा विभिन्न समस्या देखा पर्छन्। घामका कारण छालामा चाया, पोतो, एलर्जी, खटिरा, डन्डिफोर जस्ता समस्या देखा पर्छन्। गर्मीको मौसममा छालामा देखा पर्ने समस्यालाई धेरैले सामान्य रुपमा लिने गरेका हुन्छन्। यस्ता समस्यालाई लापरबाही गर्दा स्वास्थ्य समस्या निम्तिन पनि सक्छ। घर्मीको समयमा छालामा देखापर्ने केही स्वास्थ्य समस्या यस प्रकार छन्।

१. रातो दाग

अत्याधिक गर्मी र चर्को घामका कारण छालामा चिलाउने राता दागहरु देखा पर्छन्। यस्ता राता दागहरु लामो समय घाममा बस्दा वा घाममा बसेर काम गर्दा देखा पर्छन्। केहीकेहीको छालामा पानीका फोका पनि देखा पर्छन्। घामले डढेर केही फोका चिलाउने दागमा परिणत हुन्छन्।

२. छाला सुक्खा

गर्मीको समयमा छाला सुक्खा हुनेगर्छ। गर्मीमा पसिना धेरै बग्ने हुादा शरीरमा पानीको मात्रा कम हुन गई छालामा सुक्खापन आउँछ। छाला सुक्खा हुादा निकै चिलाउने गर्छ।

३. घामबाट छाला डढ्ने समस्या

चर्को घाम लागेका बेला बाहिर निस्कादा छाला डढ्न सक्छ। प्राय:जसो घाममा काम गर्ने व्यक्तिको छाला डढ्ने गर्छ। घामले डढेको छालामा चिलाउने, सुख्खा हुने र फुस्रो हुने समस्या आउँछ। कपडाले नछोप्ने शरीरका भागमा (गर्धन, हात आदि) छाला डढेको प्रस्ट देखिन्छ।

४. डन्डिफोर

गर्मीले गर्दा पसिना अत्याधिक आउँछ। पसिना धेरै बग्दा यसले धुलोधुावा तान्ने चुम्बकको काम पनि गर्छ। पसिना निस्कने छालाका प्वालमा फोहोर जम्मा हुँदा त्यहाँ डन्डिफोर आउन सक्ने सम्भावना हुन्छ। यो समस्या किशोर(किशोरी तथा युवा उमेरका मानिसलाई बढी देखिन्छ।

५. ब्याक्टेरियल इन्फेक्सन

गर्मीको मौसममा छालामा एक किसिमको ब्याक्टेरियाबाट हुने संक्रमणलाई ब्याक्टेरियल इन्फेक्सन भनिन्छ। छालामा घाउ हुने, खटिरा आउने, खटिरामा पिप जम्ने जस्ता समस्या ब्याक्टेरियाले गर्दा हुन्छ। यस्ता समस्या स्टेप्टोकोकस र स्टेफाइलोकोकस नामक ब्याक्टेरियाको संक्रमणबाट हुने गर्छ।

६. फंगल इन्फेक्सन

'फंगल इन्फेक्सन'लाई ढुसी परेको भन्ने गरिन्छ। यस्तो समस्या काखी, जाग, महिलाको स्तनमुनि बढी देखिने गर्छ। जहाा पसिना बढी जम्मा हुन्छ त्यस्ता ठाउँमा फंगल इन्फेक्सन हुने गर्छ। यस्तोमा छाला बढी चिलाउने र ढुसीले गर्दा घाउ हुने आदि समस्या देखिन्छ।

७. भाइरल इन्फेक्सन

भाइरल एक किसिमको भाइरसबाट हुने समस्या हो। यस्तो समस्या हुँदा छालामा मसिना फोकाहरु आउँछन्। यस्तै, छाला पोल्ने, छालामा छुदा दुख्ने जस्ता समस्या भाइरल इन्फेक्सनले गर्दा हुन सक्छ।

घामबाट छाला जोगाउने उपाय

गर्मीमा छालामा हुन सक्ने समस्याबाट बच्न सरसफाइमा ध्यान दिनुपर्छ। गर्मीमा पसिना धेरै बग्ने र वायुमण्लमा धुावाधुलो फैलिने भएकाले सकेसम्म दिनै नुहाउनुपर्छ। पसिना धेरै बग्ने हुादा डिहाइड्रेसन हुन सक्छ। जसले छालामा सुक्खापन हुन्छ र चिलाउँछ। गर्मीमा जतिसक्दो धेरै पानी पिउनुपर्छ। गर्मीमा छाला जोगाउने उपाय यस्ता छन्।

१. घाममा निस्कादा सन्सक्रिन क्रिम वा सनब्लकको प्रयोग गर्ने। पौडी खेल्दा दुई-दुई घन्टाको फरकमा सन्सक्रिन क्रिमको प्रयोग गर्ने। सन्सक्रिन क्रिमको प्रयोग गर्दा छालरोग विशेषज्ञको परामर्श लिएर मात्र गर्नु राम्रो,

२. घर बाहिर निस्कादा छाताको प्रयोग गर्ने,

३. अनुहार छोपिने टोपी वा मास्कको प्रयोग गर्ने,

४. पूरै शरीर ढाक्ने गरी कपडा लगाउने,

५. प्रसस्त पानी पिउँने,

६. घामको एलर्जी भएमा चिकित्सकको सल्लाहमा औषधिको प्रयोग गर्ने,

७. सकेसम्म दैनिक दुई पटक नभए कम्तिमा एक पटक नुहाउने र सफा कपडा लगाउने। स्वास्थ्य खबरपत्रिका

चन्द्रमाको ध□लोका कार

# चन्द्रमावाट ल्याएको घुलोको नासा माथि मुद्दा



अमेरिकाको ओहियोकी एकजना महिलाले अमेरिकी अन्तरीक्ष संस्था नासाविरुद्ध मुद्दा हालेकी छन्। चन्द्रमाको धुलो आफैसाग राख्न पाउनुपर्ने माग गर्दै उनले मुद्दा हालेकी हुन्।

ती महिलालाई चन्द्रमामा पहिलोपटक पाइला टेक्ने निल आर्मस्ट्रंगले चन्द्रमाको सतहबाट लिएको धुलोको उपहार दिएका रहेछन्।

लाउरा सिस्को नामकी ती महिलाले सो धुलो आफैसाग राख्न पाउनुपर्ने र नासाको हक नलाग्ने भन्दै मुद्दा हालेकी हुन्।

स्मरण रहोस् लाउराका पिता निल आर्मस्ट्रंगका साथी थिए। त्यसैले उनले लाउरालाई चन्द्रमाको धुलोले भरिएको बोतल उपहारका रुपमा दिएका रहेछन्।

लाउराका अनुसार उनका पिता टम अमेरिकी सेनामा पाइलट थिए। उनले आफ्नो कार्यकालका बेला निल आर्मस्ट्रंगसाग लामो समय बिताएका थिए।

सन् १९७० मा लाउरालाई उनको १० औं जन्मदिनका दिन निल आर्मस्ट्रंगले एउटा चिठीसागै चन्द्रमाको धुलो भरिएको बोतल उपहार दिएका थिए।

आफूसाग रहेको चन्द्रमाको धुलो भरिएको बोतल नासालाई जफत गर्नबाट रोक लगाउन माग गर्दै उनले नासाविरुद्ध मुद्दा हालेकी हुन्।

नासाले यस्ता चिजहरुका बारेमा जानकारी पाउनेबित्तिकै सर्वसाधारणबाट जफत गर्ने गरेको हुादा आफुले जफत गर्नुअघि नै मुद्दा हालेको उनको भनाइ छ।

सो चन्द्रमाको धुलाको स्वामित्व आफैंसाग रहेको उनको दाबी छ।

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# लामिछानेको समर्थनमा विराटनगरमा पनि प्रदर्शन

## प्रहरी द्वारा अनुसन्धानमा सहयोग गर्न आग्रह

विराटनगर । पत्रकारले नै पत्रकारलाई आत्म हत्या गर्न दुरुत्साहन गरेको आरोपमा पक्राउ परेका न्यूज २४ टेलिभिजनका सिधा कुरा जनतासँग कायक्रमका गर्दै आएका रविमिछ्ानेलाई रिहाईको माग गर्दै विराटनगरमा पनि शुक्रवार यूवाहरुले प्रदर्शन गरेको छ ।

साउन २१ गते चितवनको कङ्गारु होटेलमा झुण्डिएको अवस्थामा फेला परेका पत्रकार शालिकराम पुडासैनीको आत्महत्या गर्न दुरुत्साहन गरेको भन्दै रवि लामिछाने सहित युवराज काडेललाई साउन २९ गते राति न्युज २४ टेलिभिजनको केन्द्रीय कार्यालयवाटै पक्राउ गरिएको थियो ।

भरतपुरको एक होटलमा भुण्डिएको अवस्थामा मृत भेटिएका शालिकराम पुडासैनीको अनुसन्धानलार्य प्रवावित नवनाउन चितवन जिल्ला प्रहरी कार्यालयले विज्ञप्ती मार्फत अग्रह समेत गरको छ ।

घटनालार्य प्रभावित पार्ने गरी सामाजिक सञ्जालमा अफवाफ फैलिएको भन्दै अनसन्धानलाई कसैले पनि प्रभावित गर्नु हुँदैन । घटनालाई प्रभावित गर्न कतिपैय लागि परेका छन् । मृतक पुडासैनीले रेकर्ड गरेको भिडियो भेटिएको थियो । मृतकले भनेको कुरालाई पुष्टी गर्ने अन्य आधारहरु भने प्रहरीले भेटाएका छैन् । भिडियोलार्य वैज्ञानिक परिक्षणको लागि विज्ञान प्रयोगशालामा पठाई सकेको छ ।

त्यसै गरी पत्रकार शालिक राम पुडासैनी आत्महत्या प्रकरणमा मृत्यु अघि रेकर्ड गरिएको भिडियो तोडमोड गरी सार्वजनिक गरेको भन्दै रवि लामिछानेकी श्रीमती उजुरी दिन गएको निकिता पौडेललाई प्रहरीले त्यसको जाहेरी दर्ता गरेनन् ।

पौडेलले चितवनका प्रहरी प्रमुख एसपी दानवहादुर मल्ल, जनआस्था साप्ताकिका सम्पादक किशोर श्रेष्ठ र नेपाल आजका सम्पादक संकेत कोइराला विरुद्ध किटानी जाहेरी दिन खोजेका थिए ।

त्यसै गरी मृतक पत्रकार पुडासैनीलाई आत्म हत्या गर्न दुरुत्साहन गर्ने पत्रकार रवि लामिछानेको घटनामा सत्ता पक्ष नेपाल कम्यूनिष्ट पार्टी र प्रतिपक्षी काग्रेसले खासै कुनै चासो नलिई दुवै न्यालयको आशमा रहेको छ ।

पुडासैनी आत्महत्या प्रकरणलार्य सीआईबीले समेत अनुसन्धान गर्ने भएको छ । सीआईबीबाट प्रहरी उपरीक्षक (एसपी) दिपक रेग्मी नेतृत्वको टोली ले गर्ने भएको छ ।

स्रोतका अनुसार, पुडासैनीको मोबाइलमा भिडियोसागै थप केही ‘प्रमाण’ पनि भेटिएको छ, जुन विषयमा अनुसन्धान गर्न प्रहरीभित्र छलफल चलिरहेको छ ।

जिल्ला अदालत चितवनले पुडासैनी आत्महत्यामा दुरुत्साहन गरेको कसुरमा अनुसन्धानका लागि लामिछाने, पत्रकार युवराज काडेल र नर्स अस्मिता कार्कीलाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद दिई सकेको छ । प्रहरीले अनुसन्धानको नाउमा अदालतवाट पटक-पटक म्याद थप गर्दै २५ दिन सम्म राख्ने प्रावधान रहेको छ ।

नेपाल पत्रकार महासंघल प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालमार्फत लगाइएको आरोपमा प्रहरीले सीमा, मर्यादा, अन्तराष्ट्रिय मापदण्ड मिचेर सञ्चारगृहको कार्यालय परिसरभित्रै प्रवेश गरी नियन्त्रणमा लिएको प्रति प्रतिष्ठानले आपत्ति जनाई सकेको छ ।

लामिछानेसहित ३ जनाविरुद्ध लागेको आत्महत्यामा दुरुत्साहन दिएको कसूर प्रमाणित भए ५ वर्षसम्म कैद र ५० हजार रुपैयाासम्म जरिवाना हुनसक्ने कानूनी व्यवस्था छ । गत वर्ष १ भदौदेखि जारी मुलुकी अपराध संहितामा यो कानूनी व्यवस्था छ ।

**मोटर साईकल चलाउँदा अनिवार्य रुपमाा हेल्मेटको प्रयोग गरौं ।**

## महिला...

मन्दिरको पुरातात्विक महत्व, विश्वस्तरीय मूल्यमान्यता र वातावरणमा उल्लेखनीय दीर्घकालीन नकारात्मक प्रभाव पार्ने निश्चित छ । यसरी जानकी मन्दिरभित्र उच्चस्तरमा गरिने विद्युतीकरण कार्यले जानकी मन्दिरलाई विश्व सम्पदा स्थलको रुपमा सुचीकृत गराउने कार्यमा बाधा पुग्ने निश्चित भएको तथा मन्दिरको संरचनामा पनि संकट आउँछ ।

भोरले एनआरएन एसोसिएशन को काठमाडौंस्थित कार्यालयमा विद्युतीकरण कार्यलाई पुरातत्व विभाग तथा पुरातत्व विज्ञहरुको स्वीकृति बिना काम अगाडि नबढाउन ३१ अषाढ ०७५ को दिन ज्ञापन पत्र बुझाएको थियो । त्यसको प्रतिक्रियामा एनआरएनले जानकि मन्दिरलाई नकारात्मक असर पर्ने गरी र पुरातत्व विभाग तथा पुरातत्व विज्ञहरुको स्वीकृतिविना उक्त विद्युतीकरण कार्य अगाडि नबढाउने प्रतिवद्धता जनायो । विद्युतीकरण कार्य अहिलेसम्म पनि अघि बढ्न सकेको छैन ।

प्रदेश २ सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत जानकी मन्दिरको परिसर सुधारका लागि जानकी मन्दिरको कम्पाउन्डभित्र मार्वल लगाउने योजना अगाडि बढाएको छ ।

जानकी मन्दिरको परिसर सुधार गर्न सहमति मागसम्बन्धी प्रदेश २ सरकारको पत्रको आधारमा जानकी मन्दिरसाग तादात्म हुने गरी तथा मन्दिरको साविकको दृश्यलाई नकारात्मक असर नपर्ने गरी काम अघि बढाउने भनिएको छ । विश्व सम्पदाको सम्भावित सुचीमा सुचीकरण गर्ने कार्य प्रभावित नहुने गरी पुरातत्व विभागले ०७५ पुस २२ को पत्रमार्फत सहमति प्रदान गरेको थियो ।

तर, प्रदेश २ सरकारका मन्त्रालयहरुबाट पुरातत्व विभागको स्वीकृति विपरीत जानकी मन्दिरको मौलिकता तथा संरचनालाई नै संकटमा पार्ने गरी मन्दिर परिसरभित्र भवन निर्माण कार्यको थालनी भएको थियो । पुरातत्व विभागबाट नै जानकी मन्दिर संरक्षण योजना अन्तरगत जानकी मन्दिरभित्रको छत माथि ६ वटा शक्तिशाली ड्रिलको प्रयोग गरेर मन्दिरको संरचनालाई क्षति पुग्ने गरी तोडफोडको कार्य पनि भयो । जसले गर्दा मौलिक शैलीमा निर्माण गरिएको जानकी मन्दिरको संरचनामा नकारात्मक असर परेको प्राविधिकहरु बताउँछन् ।

प्रदेश २ सरकारका मुख्यमन्त्री लालबाबु राउतले पनि जानकी मन्दिरलाई विश्व सम्पदाको रुपमा सुचीकृत गराउनुपर्छ भनेर पटक(पटक बोलेका छन

जानकी मन्दिरको मौलिकता तथा संरचनामा गम्भीर असर पर्ने गरी भइरहेको निर्माण तथा तोडफोड जस्ता कार्यहरुले जानकी मन्दिरलाई विश्व सम्पदा स्थलका रुपमा सुचीकृत हुन ठूलो बाधा अडचन पुग्छ । जानकी मन्दिरको मौलिकता तथा संरचनामा संकट थप्ने र पुरातत्व विभागको स्वीकृति बाहिर गएर भइरहेको निर्माण तथा तोडफोड कार्यलाई तत्काल बन्द गराउन आवश्यक छ । त्यसका लागि पुरातत्व विभागका महानिर्देशकलाई भोरको सहजीकरणमा सञ्चालित जानकी मन्दिरलाई विश्व सम्पदा स्थलका रुपमा सुचीकृत गराउने अभियानले गत साउन १२ मा ज्ञापनपत्र बुझाएको थियो ।

सोही पत्रका आधारमा पुरातत्व विभागको विश्व सम्पदा शाखा, पुरातत्व शाखा तथा योजना शाखा र भोरको सहभागितामा छलफल बैठक बसेको थियो । प्राप्त पत्र र बैठकको छलफलका आधारमा जानकी मन्दिरको परिसरभित्र भइरहेको भवन निर्माण कार्य तुरुन्तै रोक्ने र जानकी मन्दिरको छतमाथि प्रयोग भइरहेका ६ वटा ड्रिल मेशिनलाई रोकी बढीमा २ वटा मात्र प्रयोग गर्ने निर्देशन दिादै पुरातत्व विभागले उक्त गलत कार्यलाई निरुत्साहित गरेको छ ।

### तीन तहको सरकारको आगामी जिम्मेवारी

अब मुलुकमा तीन तहको सरकार छ । स्थानीय सरकार गठन भइसकेपश्चात भोरले जानकी मन्दिरलाई विश्व सम्पदा स्थलका रुपमा सुचीकृत गराउन अभियानको सम्पूर्ण औपचारिक कागजातहरु, फोटोहरु, मिडिया कभरेज तथा अन्य डकुमेन्टहरु २०७४ माघ २९ गते जनकपुरधाम नगरपालिकामा बुझाइसकेको छ । अब बााकी प्रशासनिक तथा प्राविधिक कार्यहरु स्थानीय सरकारका रुपमा जनकपुरधाम उपमहानगरपालिकाले नै तदारुकताका साथ अगाडि बढाउनुपर्छ । प्रदेश २ सरकारका मुख्यमन्त्री लालबाबु राउतले पनि जानकी मन्दिरलाई विश्व सम्पदाको रुपमा सुचीकृत गराउनुपर्छ भनेर पटक-पटक बोलेका छन् ।

जनकपुरधाम उप महानगर पालिका तथा प्रदेश २ सरकारले जानकी मन्दिरलाई विश्व सम्पदाका रुपमा सुचीकृत गराउनका लागि आवश्यक प्रसाशनिक तथा प्राविधिक कार्य गर्न बाषिर्क कार्यक्रम तथा बजेटमा आवश्यक बजेट व्यवस्था गर्नु अति आवश्यक भइसकेको छ ।

त्यसैगरी जनकपुरधाम उपमहा नगरपालिका र प्रदेश २ सरकारको सम्बन्धित मन्त्रालय भित्र पुरातत्व तथा विश्व सम्पदा युनिट स्थापना गर्नुपर्छ । शाखामा विश्व सम्पदाको फोकल पर्सनका रुपमा कर्मचारी व्यवस्थापन हुनुपर्छ ।

यस्तो कदमले जानकी मन्दिरलाई विश्व सम्पदाका रुपमा सुचीकृत गराउने कार्य अगाडि बढ्ने छ । यी कार्यहरु यथाशीघ्र अगाडि बढाइयो भने अगामी ३ देखि ४ वर्षभित्र जानकी मन्दिरलाई हामीले विश्व सम्पदाका रुपमा देख्ने सौभाग्य प्राप्त गर्नेछौं । पक्कै पनि यसले प्रदेश नम्बर २ को सांस्कृतिक, सामाजिक, पर्यटकीय तथा आर्थिक समृद्धिमा रणनैतिक तथा दुरगामी प्रभाव पार्नेछ । अनलाईनवाट

सुचना सुचना सुचना

१८

**लैगिंक समता समानताको आधार, समान शिक्षा र स्वास्थ्यमा संबैधानिक अधिकार ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नगरवासीमा अनुरोध**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**दुहवी नगर पालिकाको कार्यालय**
**दुहवी सुनसरी**

# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कूहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाखा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
  १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
  २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
  ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०